# श्री कोसरापाखा कबुलियती वन समूह

कालिका नगरपालिका वडा नं. १०, चितवन

काठ दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८३/०१/२२**

श्री कोसरापाखा कबुलियती वन समूहबाट उत्पादन भई समूहको घाटगद्दीमा रहेको तपसिलमा उल्लेखित परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक स:मिल/फर्म/कम्पनी/उद्योगले यो सूचना चितवन पोष्ट दैनिक समाचारपत्रमा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र बोलपत्र खरिद गरी सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।

तपसिल

१. काठ/दाउरा उत्पादन आ.व.- २०८२/८३

२. लिलाम हुने वन पैदावारको विवरणः

लट नं. १

| क्र.सं. | प्रजाति | किसिम | थान | ग्रेड | काठ (क्यू.फि.) | न्यूनतम मूल्य रु. | | सङ्कलन खर्च रु. | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | दर | जम्मा | दर | जम्मा |
| १ | साल | गोलिया | ७ | A | ११०.९२ | १२५० | १३८६५० | २१० | २३२९३.२० |
| २ | साल | गोलिया | ३२ | B | २९७.४८ | ९०० | २६७७३२ | २१० | ६२४७०.८० |
| ३ | साल | गोलिया | ६५ | C | २४६.०१ | ६०० | १४७६०६ | २१० | ५१६६२.१० |
| | जम्मा | | १०४ | | ६५४.४१ | | ५५३९८८ | | १३७४२६.१० |
| ४ | साल दाउरा (चट्टा) | | | | १.०० | १२००० | १२००० | १६९१५ | १६९१५.०० |
| | कुल जम्मा | | | | | | ५६५९८८ | | १५४३४१ |

३. बोलपत्र खरिद गर्न पाउने अन्तिम मिति र समयः २०८३/०२/११ गते, कार्यालय समय भित्र।

४. बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समयः२०८३/०२/१२ गते, दिउसो १:०० बजेसम्म।

५. बोलपत्र खोलिने मिति र समयः २०८३/०२/१३ गते, समयः दिउसो १:०० बजे।

६. बोलपत्र फारामको मूल्य रु. १०००/- (फिर्ता नहुने गरी)।

७. हाल यस समूहको नाममा खाता नभएकोले बोलपत्रसाथ कबुल गरेको रकमको १०%ले हुन आउने धरौटी रकम राष्ट्रिय वाणिज्य बैंकमा रहेको प्रदेश लेखा इकाई, खाता नं. १३१०१००२०२०३०००० मा डिभिजन वन कार्यालय चितवनको नामबाट डिभिजन वन कार्यालयको कोड नं. ३२९०१३१०१३ मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक ग्यारेन्टी समावेश हुनु पर्नेछ।

८. लिलालमा भाग लिन इच्छुक काठ/दाउरामा आधारित उद्योगका (वन नियमावली २०७९ को नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सूचीकृत भएको) प्रोप्राइटरले नेपाली नागरिकताको प्रतिलिपी, उद्योग दर्ता प्रमाणको

प्रतिलिपी, स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणको प्रतिलिपी र कर चुक्ता प्रमाणको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

९. बोलपत्रमा सकार गरेको रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र स्वीकृत भएको फर्मले सकार रकमका साथै अन्य बुझाउनु पर्ने सबै रकम बुझाई नियमानुसारको म्यादभित्र काठ/दाउरा उठाई लैजानु पर्नेछ ।

११. कार्यालय समयभित्र यस समूहको भवन वा डिभिजन वन कार्यालय चितवनबाट बोलपत्र खरिद गरी समूह वा डिभिजन वन कार्यालयमा सिलबन्दी बोलपत्र दाखिला गर्न सकिनेछ।

१२. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस कबुलियती वन समूहमा निहीत रहनेछ।